गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- उच्च शि.म./४२८

मिति :- वि.सं. २०८३/०६/२६

ने.स. :- ११४६ कौलाथ्व,२ सोमवार

विषयः पूर्व तयारी कक्षा र भाषा शिक्षण सेवा सञ्चालनका लागि अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण सम्बन्धी सूचना ।

जो जस सँग सम्बन्धित छ

गण्डकी प्रदेश

**प्रथम पटक प्रकाशित मितिः- २०८३।०६।२६**

प्रस्तुत विषयमा **शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०८२** बमोजिम यस मन्त्रालयबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको आ.व. २०८३।०८४ का लागि तपसिल बमोजिम सेवा सञ्चालन अनुमति नवीकरण गरिने भएकाले निर्देशिकाको दफा ४ को उपदफा २ मा उल्लिखित कागजात र निर्देशिकाको अनुसूची २ बमोजिम राजश्व दाखिलाको सक्कल भौचर सहित मिति २०८३।०७।३० गते भित्र मन्त्रालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

१. पूर्व तयारी कक्षा र भाषा शिक्षण मध्ये कुनै एक वा दुवै सेवा क्षेत्रको अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण गरिने ।

२. शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण कक्षाका लागि अनुमति प्राप्त गरेका संस्थाहरुको हकमा **पूर्व तयारी कक्षा/भाषा शिक्षण कक्षा मात्रै** नवीकरण गरिने ।

३. निवेदक संस्थाले देहायको राजश्व शिर्षकमा तपसिल बमोजिमको नवीकरण दस्तुर जम्मा गरेको सक्कल भौचर अनिवार्य पेश गर्नुपर्नेछ ।

राजश्व शिर्षक नम्बरः- १४२२९

कार्यालयको कोड नम्बरः-३५०००३९०१४

**तपसिलः-**

| क्र.स. | विवरण | नवीकरण बापत बुझाउनु पर्ने रकम (रु) |
|---|---|---|
| १. | पूर्व तयारी कक्षा सञ्चालनको लागि | रु ५,०००। |
| २. | भाषा शिक्षणका लागि | रु ५,०००। |
| ३. | १ र २ दुवैको लागि | रु १०,०००। |

**पुनश्चः**-शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण यस मन्त्रालयबाट नगरिने भएकोले नेपाल सरकारबाट जारी गरिएको शैक्षिक परामर्श, भाषा शिक्षण तथा शिक्षण तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को नियम ६ को

website: mosdys.gandaki.gov.np; e-mail: mosdys@gandaki.gov.np, ministrysocialdevpkr@gmail.com

उपनियम (२) बमोजिम सम्बन्धित संस्थाले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३।०५।३० गतेको सूचना बमोजिम निवेदन पेश गर्नुपर्ने।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-**

क. गत आर्थिक वर्षको प्रगति विवरण

ख. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

ग. संस्थाले प्रदान गर्ने सेवा, कार्य प्रक्रिया र लागतको विवरण,

घ. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ. कर चुक्ता प्रमाण पत्र,

च. कम्पनी आद्यावधिक भएको प्रमाण पत्रको प्रतिलिपि,

छ. गत आर्थिक वर्षमा भाषा प्रशिक्षण र पूर्व तयारी कक्षा सञ्चालन गरे वापतको संस्थाले प्राप्त गरेको शुल्क विवरण ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Tanka Prasad Dhakal
dhakaltp105@gmail.com

(टंक प्रसाद ढकाल)
उपसचिव